# वार्षिक प्रगति प्रतिवेदन

# (Annual Progress Report)



२०७६/७७

(2019-2020)

## स्वशासन अध्ययन प्रतिष्ठान
## काठमाडौं

# विषय सूची


१. पृष्ठभूमि .......... २

२. सम्पादित कार्यहरु .......... २

२.१. परिवर्तन परियोजना कार्यान्वयन .......... २

२.१.१ सामाजिक जवाफदेहिता सम्वन्धी तालिम संचालन .......... ३

२.१.२ समावेशी योजना तर्जुमा प्रक्रिया वारे जनप्रतिनिधिहरुको लागि तालिम .......... ४

२.१.३ सहभागितामूलक योजना तर्जुमा प्रक्रिया सम्बन्धी नागरिक समाज संस्थाका सदस्यहरुको तालिम .......... ५

२.१.४ विषयगत समितिहरुको लागि क्षमता विकास कार्यक्रम सहजीकरण .......... ५

२.१.५ स्थानीय शासन सम्बन्धी पोष्टर तयारीः .......... ६

२.१.६ स्थानीय शासन सम्बन्धी इन्फोग्राफ तयारीः .......... ७

२.१.७ बहुसाझेदारहरुको प्लेटफर्म संचालनमा प्राविधिक सहयोग .......... ७

२.१.८ स्थानीय शासन सम्बन्धी जनचेतनामूलक होर्डिङ वोर्ड .......... ८

२.२ सूर्योदय नगरपालिकाको आवधिक विकास योजना तर्जुमा .......... ९

२.३. स्थानीय सरकारका लागि नवीकरणीय ऊर्जा र स्थानीय शासन सम्बन्धी पुस्तिका तयारी ... १०

२.४ स्वायत्त शासन पत्रिका प्रकाशन .......... १२

२.५. स्थानीय सरकार संचालन ऐनको नियमावली तयारी .......... १३

२.६. टेवल क्यालेण्डर प्रकाशन .......... १३

३ प्रतिष्ठानका पदाधिकारीहरु .......... १३

# १. पृष्ठभूमि

स्वशासन अध्ययन प्रतिष्ठान (इनलोगस) एक गैर-सरकारी, गैर-नाफामुलक र गैर-राजनैतिक संस्थाको रुपमा रहेकोछ । नेपालको सर्वाङ्गीण विकास विकेन्द्रित शासन पद्धतिबाट मात्र सम्भव छ भन्ने सिद्धान्तबाट अभिप्रेरित भई स्थानीय स्वायत्त शासन पद्धतिको मूलभूत आधारहरु प्रवर्द्धन गर्दै स्थानीय विकास प्रक्रियामा सघाउ पुग्ने गरी विगत पन्ध्र वर्षदेखि यस प्रतिष्ठानले काम गर्दै आएको छ । स्थानीय स्वायत्त शासनका विविध क्षेत्रहरुमा कार्यमूलक अध्ययन अनुसन्धान गर्दै स्थानीय शासन सम्बन्धी नीति, रणनीति, कार्यविधि तयारी र योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन प्रक्रियामा संघीय तथा स्थानीय तहका सरकारहरुलाई सहयोग गरिरहेको प्रतिष्ठानले प्रभावकारी रुपमा आफ्ना गतिविधिहरु संचालन गरिरहेको छ । यसवाट स्थानीय शासन पद्धतिको संस्थागत सुदृढीकरणमा केही हदसम्म भएपनि सहयोग पुगेको छ । प्राप्त अवसरको उपयोग गर्दै आफ्नो लक्ष्य प्राप्तिमा लागिरहेको यस प्रतिष्ठान विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको क्षेत्रमा काम गर्ने नेपालको एक विशिष्टीकृत संस्थाको रुपमा स्थापित भैसकेको छ ।

# २. सम्पादित कार्यहरु

## २.१. परिवर्तन परियोजना कार्यान्वयन

नेपालको संविधान अनुसार मुलुकमा ३ तहका सरकार रहेका छन् । तीनैवटा सरकारले संविधान र कानूनको सीमाभित्र रहि आफ्नो अधिकार क्षेत्रको प्रयोग गर्ने जिम्मेवारी पाएका छन् । नागरिकको दैनिक जिविका सम्वन्धी कार्यमा स्थानीय तहका सरकारहरुको भूमिका झनै महत्वपूर्ण हुन्छ । यस प्रक्रियामा नागरिक सहभागिता अनिवार्य रहेको छ । स्थानीय शासन प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गर्न सकेमा मात्र सार्वजनिक सेवा प्रवाहको अवस्था र गुणस्तरमा सुधार भै अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ । यस प्रक्रियामा सहजीकरण गर्न डोटी र अछाम जिल्लाका ६ वटा स्थानीय तहमा परिवर्तन परियोजना संचालन गरिएको छ । युरोपियन युनियनको आर्थिक सहयोग तथा डिसिए नेपाल, स्वशासन अध्ययन प्रतिष्ठान (INLOGOS) काठमाडौं, मालिका विकास संस्था (MDO) अछाम र समता विकास केन्द्र (EDC) डोटी को साझेदारीमा यो परियोजना संचालन भैरहेको छ । सन् २०१९ देखि २०२२ सम्म संचालन हुने यस परियोजनाले देहाय वमोजिमका मुख्य नतिजा हासिल गर्ने अपेक्षा गरेको छः

- लक्षित वर्ग, नागरिक सामाज संस्था र स्थानीय तहको क्षमता विकास भै जवाफदेही शासन पद्धति स्थापना हुने
- स्थानीय तहको नीति, योजना र कार्यक्रममा लक्षित वर्गको माग र आवश्यकता सम्वोधन भएको देखिने
- प्रभावकारी अनुगमन, मूल्यांकन पद्धतिको विकास भै सेवा प्रवाह सरल हुने
- प्रदेश सरकार र स्थानीय तह विचको समन्वय विकास गरी साझा नीति तथा कार्यक्रम तर्जुमा हुने ।

**यस परियोजना अन्तर्गत गत आर्थिक वर्षमा देहायका कार्यक्रमहरु सम्पन्न भएका छन्:**

## २.१.१ सामाजिक जवाफदेहिता सम्वन्धी तालिम संचालन

स्थानीय शासन पद्धतिमा सामाजिक जवाफदेहिताको महत्वपूर्ण भूमिका रहेको हुन्छ । स्थानीय तहका सरकारहरुले संचालन गरेका विकास कार्यक्रम र यसवाट परेको प्रभाव, नागरिक सहभागिता र सार्वजनिक सेवा प्रवाहको अवस्थामा सुधार ल्याउने कार्यमा समेत सामाजिक जवाफदेहिता आवश्यक पर्दछ । यसै विषयलाई ध्यानमा राखि स्वशासन अध्ययन प्रतिष्ठानले परिवर्तन परियोजनाका साझेदार संस्थाहरुको सहयोगमा सामाजिक जवाफदेहिता सम्वन्धी तालिम संचालन गरेको छ । नागरिक समाजका सदस्यहरुको क्षमता विकास गरी स्थानीय तहलाई जवाफदेही वनाउन सहयोग पुऱ्याउने उद्देश्यका साथ परियोजना लागु भएका ६ वटै स्थानीय तह (३ गाउँपालिका, ३ नगरपालिका) मा सामाजिक जवाफदेहितका औजारहरु र तिनको प्रयोगका वारेमा जानकारी गराईएको छ । अछाम जिल्लामा २०७६ भदौ १९ देखि २८ र डोटी जिल्लामा २०७६ कार्तिक १५ देखि २६ यो तालिम संचालन गरिएको हो । प्रमुख रुपमा सामाजिक जवाफदेहिताका ६ वटा औजारहरुको वारेमा व्यवहारिक ज्ञान दिदै ३६ वटा नागरिक समाज संस्था/सामुदायिक संस्था र साझेदार संस्थाहरुको क्षमता विकासमा सहयोग पुऱ्याएको यस तालिममा १४४ महिला र १७ पुरुष गरि कूल १६१ जनाको सहभागिता रहेको थियो ।



## २.१.२ समावेशी योजना तर्जुमा प्रक्रिया वारे जनप्रतिनिधिहरुको लागि तालिम

विद्यमान कानूनी व्यवस्थाको अधिनमा रही स्थानीय तहको योजनालाई कसरी नतिजामूखि वनाउन सकिन्छ भन्ने विषयमा ध्यान केन्द्रीत गर्दै स्थानीय तहका निर्वाचित पदाधिकारीहरुको लागि समावेशी योजना तथा बजेट तर्जुमा सम्बन्धी ३ दिने तालिम संचालन गरिएको छ । गाउँ/नगरपालिका तहमा २०७६ फागुन १३ देखि चैत्र १० सम्म संचालित यस कार्यक्रममा ४ वटा स्थानीय तहका कूल १०२ जना जनप्रतिनिधि र कर्मचारीहरुको सहभागिता रहेको थियो । कोभिड-१९ का कारण निर्धारित कार्यक्रम २ वटा स्थानीय तहमा सम्पन्न गर्न सकिएको छैन । यस तालिममा स्थानीय तहको योजना तर्जुमा प्रक्रिया, नागरिक सहभागिता, योजनाको प्राथमिकता निर्धारण, स्थानीय तहको बजेट, कर तथा गैर कर सम्बन्धी नीतिगत व्यवस्था, बजेट विनियोजन, अनुगमन, प्रतिवेदन जस्ता विषयमा जानकारी गराईएको थियो । योजना तर्जुमा प्रक्रिया र बजेट विनियोजन जस्ता विषयहरु सहभागिको मुख्य चासोका रुपमा रहेका थिए । यो तालिम अघिल्लो वर्षमै गर्न पाएको भए काममा निकै सहज हुने थियो भन्ने सहभागिहरुको प्रतिक्रिया रहेको थियो ।



### २.१.३ सहभागितामूलक योजना तर्जुमा प्रक्रिया सम्बन्धी नागरिक समाज संस्थाका सदस्यहरुको तालिम

नागरिक समाज संस्थाका सदस्यहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ स्थानीय तहमा सहभागितामूलक योजना तर्जुमा सम्वन्धी तालिम संचालन गरिएको थियो । २०७६ फागुन १३ देखि चैत्र १० गते सम्म संचालित यस तालिममा नागरिक समाज संस्थाका ७२ जना सदस्यहरुको सहभागिता रहेको थियो । गाउँ/नगरपालिका तहमा संचालित यस तालिममा सहभागिहरुलाई योजना तर्जुमाको सैद्धान्तिक तथा व्यवहारिक पक्षका वारेमा जानकारी गराईएको थियो । स्थानीय तहमा योजना तर्जुमा अभ्यास, सामुदायिक कार्य योजना र वडा तथा वस्तीस्तरमा हुने नागरिक सहभागिताका बारेमा जानकारी गराईएको थियो । योजना तर्जुमा, बजेट विनियोजन र योजनाको प्राथमिकता निर्धारण जस्ता कार्यहरुमा नागरिक समाज संस्थाले कस्तो भूमिका खेल्न सक्दछ र योजना स्वीकृत भए पश्चात उनीहरुको भूमिका के हुन सक्छ भन्ने विषयहरुमा समेत जानकारी गराईएको थियो । यो तालिम निकै प्रभावकारी रहेको धारणा सहभागिहरुले व्यक्त गरेका थिए ।



### २.१.४ विषयगत समितिहरुको लागि क्षमता विकास कार्यक्रम सहजीकरण

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र प्रचलित कानून अनुसार स्थानीय तहको भूमिकालाई प्रभावकारी वनाई जनअपेक्षा अनुसार सार्वजनिक सेवा प्रवाह गर्न स्थानीय तहमा रहेका विषयगत समितिहरुको भूमिकालाई प्रभावकारी वनाउनु आवश्यक छ । यसै आवश्यकतालाई ध्यानमा राखि परिवर्तन परियोजनाले स्थानीय तहका विषयगत समितिहरुको क्षमता विकासमा सहयोग गर्ने कार्यक्रम वनाएको छ । जस अनुसार विषयगत समिति र कार्यपालिका सदस्यहरु संग विभिन्न चरणमा औपचारिक वा अनौपचारिक अन्तरकृया र अभिमुखिकरण गरिएको छ । यस प्रक्रिया निरन्तर चलिरहनेछ । खासगरी स्थानीय तहको कानून, नीति, निर्देशिका, कार्यविधि लगायत योजना र बजेट निर्माण प्रक्रियामा विषयगत समिति र कार्यपालिका सदस्यहरुको भूमिका वृद्धि गर्न क्षमता विकासको कार्यक्रम आवश्यक छ । हाल पहिलो चरणमा स्थानीय तहका आवश्यकता र प्राथमिकता के हुन् र यसमा विषयगत समितिले के कस्तो भूमिका निर्वाह गर्नु पर्दछ भन्ने वारेमा गाउँ/नगरपालिका तहमा

छलफल र अन्तरक्रिया गरिएको छ । यसवाट प्राप्त सुझावको आधारमा स्थानीय नीति निर्माण तथा यसको कार्यान्वयनका लागि आवश्यक कार्यविधि जस्ता सामग्री तयार गर्ने कार्यमा विषयगत समितिहरुलाई प्राविधिक सहयोग गरिनेछ ।

## २.१.५ स्थानीय शासन सम्बन्धी पोष्टर तयारीः

स्थानीय सरकार र नागरिक सहभागिता सम्बन्धी जानकारी दिने उद्देश्यले पोष्टर तयार गरिएको छ । स्थानीय तहको संरचना, भूमिका र स्थानीय शासन प्रक्रियामा नागरिकको सहभागिता कहा कसरी हुन सक्दछ भन्ने विषयहरु समावेश गरिएको २,००० थान पोष्टर प्रकाशन गरि वितरण गरिएको छ । सुशासन पाठशाला (Good Governance School/GGS) संचालनमा यो पोष्टर निकै सहयोगी भएको छ । यसलाई कक्षा सहजकिरण शैक्षिक सामग्रीको रुपमा समेत प्रयोग गरिएको छ । नागरिक सहभागिताको क्षेत्रका वारेमा व्यापक रुपमा प्रचार प्रसार गर्ने गरी यो पोष्टर सार्वजनिक स्थलहरुमा टाँस गर्नाको साथै विद्यालय, गाउँ/नगरपालिका कार्यालय, विषयगत शाखा र नागरिक समाज संस्थाहरुमा समेत प्रयोग भएको छ । यस प्रकारको सामग्री नागरिक समाज, सामुदायिक संस्था लगायतका साझेदार संस्थाहरुको लागि उपयोगी भएको छ । साथै वडा समिति, विषयगत समिति र गाउँ/नगर कार्यपालिका सदस्यहरुको लागि समेत यस्तो पोष्टर उपयोगी देखिएको छ ।



## २.१.६ स्थानीय शासन सम्बन्धी इन्फोग्राफ तयारीः

नेपालको संघीय संरचनामा स्थानीय तह कहाँ छ, यसको गठन र संचालन प्रक्रिया कसरी निर्धारण गरिएको छ, स्थानीय तहको काम, कर्तव्य, अधिकार के कस्ता छन्, राजश्वका स्रोतहरु कस्ता छन्, योजना तर्जुमा कसरी हुन्छ, विभिन्न संरचनाहरुले कसरी काम गर्छन् भन्ने विषयका साथै स्थानीय तहको बजेट र आन्तरिक नियन्त्रण प्रणाली जस्ता विषयहरु सम्बन्धी सचित्र जानकारी दिईएको इन्फोग्राफ २००० सेट प्रकाशन गरिएको छ । नेपालको संघीय संरचना र स्थानीय तहको वारेमा चासो राख्ने जोकेहीलाई पनि यो पुस्तिका उपयोगी भएको छ । यस्तै सुशासन पाठशालामा यो स्रोत पुस्तिकाको रुपमा प्रयोग भएको छ भने स्थानीय तहका पदाधिकारीहरुको लागी जानकारीमूलक रहेको छ ।




## २.१.७ बहुसाझेदारहरुको प्लेटफर्म संचालनमा प्राविधिक सहयोग

स्थानीय तहमा संचालन हुने कार्यक्रम तथा निकायहरुविच समन्वय गर्ने, एक अर्काका कार्यक्रम संचालन र सिकाईहरुका वारेमा अनुभव आदान प्रदान गर्ने र स्थानीय शासन प्रक्रियामा स्थानीय तहहरुलाई सहयोग र सहजीकरण गर्ने उद्देश्यका साथ जिल्ला तथा गाउँ/नगरपालिका तहमा

बहुसाझेदारहरुको प्लेटफर्म (Multi Stakeholder Platform) तयार गर्ने कार्यमा परिवर्तन परियोजनाले प्रारम्भिक कार्यहरु गरेको छ । यसमा स्वशासन अध्ययन प्रतिष्ठानको प्राविधिक सहयोग रहेको छ भने कार्यान्वयनमा EDC र MDO को मुख्य भूमिका रहेको छ । स्थानीय तहको नेतृत्वमा यस प्लेटफर्मको संस्थागत विकास गरी स्थानीय तहमा कार्यक्रम कार्यान्वयन गर्दा हुन सक्ने दोहोरोपना हटाई स्थानीय तहको कामलाई व्यवहारिक र प्रभावकारी वनाउने प्रयास निरन्तर चलिरहनेछ ।

## २.१.८ स्थानीय शासन सम्बन्धी जनचेतनामूलक होर्डिङ वोर्ड

स्थानीय तहका सरकार र नागरिकको भूमिका प्रष्ट देखिने गरी सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्न तयार गरिएको होर्डिङ वोर्ड सामान्य नागरिकले बुझ्न सक्ने गरी डिजाईन गरिएको छ । यो होर्डिङ वोर्ड परियोजना लागु भएका स्थानीय तहको कार्यालय कम्पाउण्डमा राखिएको छ । स्थानीय तहमा सेवा लिन आउने सेवाग्राही र गाउँ/नगर कार्यपालिका क्षेत्रमा आवत जावत गर्ने प्रत्येक नागरिकले यस सम्बन्धी सूचना प्राप्त गर्न सक्नेछन् । मूलतः स्थानीय कर र जवाफदेहिता सम्बन्धी जानकारी गराउने गरी तयार भएको यो सामग्री स्थानीय तह र नागरिक विचको सम्वन्ध विकास गर्न समेत उपयोगी देखिएको छ ।



## २.२ सूर्योदय नगरपालिकाको आवधिक विकास योजना तर्जुमा

मुलुक संघीय संरचनामा प्रवेश गरिसकेको वर्तमान अवस्थामा प्रत्येक तहका सरकारहरुले आ-आफ्नो क्षेत्राधिकारमा रही जवाफदेही शासन व्यवस्था संचालन गर्नुपर्ने अपरिहार्य भएको छ । नेपालको संविधानले तिनै तहका सरकारहरूको अधिकार क्षेत्र र दायित्व निर्धारण गरी तहगत सरकारको अधिकारलाई सूचीकृत गरेको छ। अधिकारको प्रयोग गर्दा तीन तहका सरकार विच सहकारिता, सहअस्तित्व र समन्वय कायम गर्नु पर्ने संवैधानिक व्यवस्था रहेको छ। संविधानले संघ, प्रदेश र स्थानीय तहबीच कार्य जिम्मेवारीको बाँडफाँड गरी त्यस्तो कार्यसम्पादन गर्न आवश्यक स्रोतको समेत व्यवस्था गरेको छ। स्थानीय तहको लागि प्रदान गरिएको यस्तो स्रोतमा आफैले परिचालन गर्ने कर तथा गैरकर स्रोतको राजस्वको अलावा संघ तथा प्रदेश सरकारबाट प्रदान गरिने समानीकरण, सशर्त, समपुरक, विशेष अनुदान र राजस्व बाँडफाँटको रकम रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ ले नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा आफ्नो भौगोलिक क्षेत्रभित्रको विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ। यसै व्यवस्था अनुसार नगरपालिकामा उपलब्ध सूचना, प्रकाशन र विगतमा तयार भएका योजनाहरुको अवस्थालाई समेत आधार मान्दै स्वशासन अध्ययन प्रतिष्ठानले सूर्योदय नगरपालिका, ईलामको ५ बर्षे आवधिक विकास योजना (२०७७/७८-२०८१/८२) तयार गर्ने कार्यमा नगरपालिकालाई प्राविधिक सहयोग उपलब्ध गराएको छ । जस अनुसार सूर्योदय नगरपालिकाको ५ वर्षे आवधिक विकास योजना तर्जुमा गरिएको छ ।

पहिलो आवधिक नगर विकास योजना

सूर्योदय नगरपालिका, ईलाम

असार २०७७



तयारी

स्वशासन अध्ययन प्रतिष्ठान (ईनलोगस)

काठमाडौं

## २.३. स्थानीय सरकारका लागि नवीकरणीय ऊर्जा र स्थानीय शासन सम्बन्धी पुस्तिका तयारी

नवीकरणीय ऊर्जा प्राकृतिक स्रोतबाट उपलब्ध हुने, अनन्त कालसम्म पुनः प्रयोग गर्न सकिने र वातावरणमैत्री हुने गर्दछ । नवीकरणीय ऊर्जालाई बैकल्पिक ऊर्जा वा स्वच्छ ऊर्जा पनि भन्ने गरिएको छ । लघु तथा साना जलविद्युत्, जैविक ग्यास (Biogas), दाउरा, गोल, ब्रिकेट, जैविक इन्धन, वायोमास ग्यासिफिकेशन, सौर्य ऊर्जा, वायु ऊर्जा, सुधारिएको चुलो, सुधारिएको पानी घट्ट, ग्रामीण ऊर्जा सम्बन्धी अन्य प्रविधिहरु नवीकरणीय ऊर्जा हुन् । नेपालको संविधानको धारा ५१ र ५७ तथा अनुसूची ५, ६, ७, ८ र ९ को विश्लेषण गर्दा ऊर्जाको बिषय तीनै तहका सरकारको जिम्मेवारीमा पर्ने र आयोजनाको स्तर र स्थानीय आवश्यकतालाई आधारमा बैकल्पिक ऊर्जाको बिषय स्थानीय तहको कार्यक्षेत्रमा परेको देखिन्छ । यसैले स्थानीय तहले शासकीय प्रबन्ध मिलाउँदा वैकल्पिक ऊर्जाका क्षेत्रमा पनि जनमुखी, लोकतान्त्रिक, समावेशी, जवाफदेही भै कार्य गर्नुपर्ने माग बढी रहेको देखिन्छ । यसै विषयलाई आधार मान्दै स्थानीय तहका निर्वाचित जनप्रतिनिधि र कर्मचारीको ज्ञान, सीप र दक्षता अभिबृद्धिमा सहयोग पुऱ्याउन जिआईजेड/ग्रामीण क्षेत्रका लागि नवीकरणीय ऊर्जा कार्यक्रमको सहयोगमा स्वशासन अध्ययन प्रतिष्ठानले स्थानीय सरकारका लागि नवीकरणीय ऊर्जा र स्थानीय शासन सम्बन्धी हाते पुस्तिका तयार गरेको छ । यस पुस्तिकाको उपयोगवाट देहायको उपलब्धी हासिल हुने अपेक्षा गरिएको छः

- स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी आफ्नो काम, कर्तव्य र अधिकारबारे स्पष्ट भई कार्य सम्पादन सहज हुने,
- स्थानीय सरकारबाट जनताको माग र आवश्यकता बमोजिम गुणस्तरीय सेवा प्रवाहमा सहयोग हुने,
- स्थानीय तहको विधायिकी, कार्यकारी र न्यायिक अधिकारबारे जानकारी भई स्थानीय कानून, नीति तथा नियम बनाउन सहज हुने,
- स्थानीय सरकारहरुलाई नवीकरणीय ऊर्जा सम्बन्धी सेवा प्रवाहमा सहजीकरण हुने,
- स्थानीय जनप्रतिनिधि, कर्मचारी र सरोकारवाला संस्थाहरुको क्षमता विकासका क्रियाकलाप सञ्चालन गर्न स्रोत पुस्तकको रुपमा उपलब्ध हुने ।

संघीय शासन प्रणाली, विकेन्द्रिकरण तथा अधिकार निक्षेपण र स्थानीय स्वायत्त शासनमा सरोकार राख्ने तथा क्षमता विकास कार्यमा संलग्न पेशाविद्, प्रशिक्षक, विद्यार्थी, अनुसन्धानकर्ता, तथा स्थानीय तहका सेवाग्राही आम नागरिकका लागि समेत यो हाते पुस्तिका सन्दर्भ सामग्रीको रुपमा उपयोगी हुने अपेक्षा गरिएको छ ।

स्थानीय शासनमा नवीकरणीय ऊर्जा

# स्थानीय सरकारको लागि सहयोगी हाते पुस्तिका

**२०७६**

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र** (AEPC)

ग्रामीण क्षेत्रका लागि नवीकरणीय ऊर्जा (RERA)[i] कार्यक्रमका लागि

INLOGOS

स्वशासन अध्ययन प्रतिष्ठान

बानेश्वर, काठमाडौं

[1] *"ग्रामीण क्षेत्रका लागि नवीकरणीय ऊर्जा कार्यक्रम (RERA), नेपाल सरकार र जर्मन संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालय (BMZ) को सझेदारीमा नेपालको ग्रामिण क्षेत्रका घरधुरीहरुमा नवीकरणीय ऊर्जाको पहुँचमा सुधार गर्न संचालन गरिएको प्राविधिक सहयोग कार्यक्रम हो । यो कार्यक्रम वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (AEPC) र जि.आई.जेड (GIZ) द्वारा संयूक्त रुपमा कार्यान्वयन गरिएको छ ।"*

## २.४ स्वायत्त शासन पत्रिका प्रकाशन

प्रतिष्ठानको स्वीकृत वार्षिक कार्यक्रम अनुसार आ.व. २०७६/७७ मा “स्वायत्त शासन” का २ वटा अंकहरु प्रशासन भएका छन् । यो प्रकाशनले स्थानीय शासन, विकास गतिविधि, सेवा प्रवाह, सुशासन र तिनै तहका सरकारहरुको प्राथमिकतामा पर्नुपर्ने विकास गतिविधिहरुका वारेमा विश्लेषण गर्ने प्रयास गरेको छ । स्थानीय शासनका वारेमा चासो राख्ने सवैका लागि यो प्रकाशन उपयोगी देखिएको छ ।



## २.५. स्थानीय सरकार संचालन ऐनको नियमावली तयारी

स्थानीय सरकार संचालन ऐन कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकार संचालन ऐनको नियमावली तयार गर्न लागेको छ । यस कार्यमा इनलोगसले प्राविधिक सहयोग उपलव्ध गराएको छ । हाल यसको मस्यौदा तयार गर्ने कार्य प्रारम्भ भएको छ ।

## २.६. टेवल क्यालेण्डर प्रकाशन

सदाझै यस वर्ष पनि स्वशासन अध्ययन प्रतिष्ठानले टेवल क्यालेण्डर प्रकाशन गरेको छ । वि.सं. २०७७ सालको यो क्यालेण्डर प्रतिष्ठानका सदस्यहरुका साथै सरकारी, गैर सरकारी र अन्य सार्वजनिक संस्थाहरुलाई समेत उपलव्ध गराईएको छ ।

# ३ प्रतिष्ठानका पदाधिकारीहरु

| | |
|---|---|
| श्री पद्मा माथेमा | कार्यवाहक अध्यक्ष |
| श्री खेमराज नेपाल | संस्थापक अध्यक्ष |
| श्री बीरेन्द्र बहादुर देउजा | निवर्तमान अध्यक्ष |
| श्री सूर्यशरण रेग्मी | कोषाध्यक्ष |
| श्री रविन्द्र नाथ अधिकारी | सदस्य |
| श्री वसन्त राज गौतम | सदस्य |
| श्री खोम दत्त बराल | सदस्य |
| श्री ज्ञानी सिं के.सी. | सदस्य |
| श्री विनोद प्रसाद ढकाल | सचिव |

---

सम्पर्क:
स्वशासन अध्ययन प्रतिष्ठान
मध्य बानेश्वर, काठमाडौं
फोन: ०१-४४६५९४२
इमेल: info@inlogos.org
वेभ साईट: http//www.inlogos.org